# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
लिखु तामाकोशी गाउँकार्यपालिका,
धोवीबजार, रामेछाप ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट लिखु तामाकोशी गाउँकार्यपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४ करोड ६२ लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२२ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ३७ लाख ३० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ लाख ३९ हजार छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना **२७** यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# लिखु तामाकोशी गाउँकार्यपालिका कार्यालय
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले लिखु तामाकोशी गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउपालिका अर्न्तगत ७ वडा रहेको ३७ सभा सदस्य १२४ व.कि.मी. क्षेत्रफल २३१०९ जनसंख्या र तिन नंम्वर प्रदेशमा अवस्थित छ । यस गाउपालिकाको केन्द्र वडा नं. ३ स्थीत धोवीवजार रामेछापमा रहेको छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम लिखु तामाकोशी गाउले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारवाट संचालन भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि. नं. | आयतर्फ | | सि. नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च तथा पुजीगत खर्च** | १७८८४०८७३/- |
| | क) नगद | ० | २ | **सशर्त अनुदान** | |
| | ख) बैंक | ६७९२२१३.७३ | ३ | १ जनस्वास्थ्य | १७७६३२५०/- |
| २ | **राजस्व (आन्तरिक आय)** | | | २ शिक्षा | ९१५५६३५९/- |
| | क) आन्तरिक राजस्व | ५२२८१०.३९ | | ३ कृषि विकास | २९५७१०/- |
| | ख) राजस्व बाँडफाँड | ० | | ४ पशु सेवा | ६०५५८०/- |
| | ग) अन्य आय | ० | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | क) ऋण भुक्तानी | ० |
| | **संघीय संरचना पूर्वाधार निर्माण** | | | ख) ब्याज भुक्तानी | ० |
| | **वित्तीय समानीकरण अनुदान** | **१७४९१००००/-** | | ग) अन्य भुक्तानी | ० |
| | **सशर्त अनुदान** | | ५ | **लगानी** | |
| | १ जनस्वास्थ्य | १७७८५८५०/- | | ऋण, शेयर तथा अन्य लगानी | ० |
| | २ शिक्षा | ९१५५६३५९/- | ६ | **संघीय सरकारवाट स्वीकृत कार्यक्रम खर्च** | |
| | ३ कृषि विकास | २९५७१०/- | | जेष्ठ नागरिक दीर्घसेवा सम्मान र सामाजिक सुरक्षाक कार्यक्रम | ४६५३८६००.० |
| | ४ पशु सेवा | ५९१०००/- | | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु/ पुजीगत | १०२४६२४/- |
| ४ | **संघीय सरकारवाट स्वीकृत कार्यक्रम** | | | साना सिंचाई कार्यक्रम | १३०९९२१/- |
| | (क) जेष्ठ नागरिक दीर्घसेवा सम्मान र सामाजिक सुरक्षाकार्यक्रम | ४६५३८६००/- | ७ | **अन्य** | ६००००/- |
| | (ख) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | १०२४६२४/- | ८ | **मौज्दात** | |
| | (ग) साना सिंचाई कार्यक्रम | २९४९९२१/- | | क) नगद मौज्दात | ० |
| ५ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **०** | | ख) बैंक मौज्दात | ५०३२१७१.१२ |
| ६ | **अन्य अनुदानहरु** | | | | |
| | जि.स.स.(पुल हेरालु) | ६००००/- | | | |
| | **विविध आय** | | | | |
| | **जम्मा** | **३४३०२७०८८.१२** | | **जम्मा** | **३४३०२७०८८.१२** |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रै पारित गर्नुपर्ने व्यवस्था छ । जनप्रतिनिधी निर्वाचित भएपछि गाउपालिकाको पहिलो गाउसभा २०७४।३।३० मा वसेको छ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ ।<br>• स्थानीय सरकार संन्चालन ऐन २०७४ को दफा ११ वमोजिम गाउपालिकाले कम्तीमा २२ वटा कानून वनाई लागु गर्नुपर्नेमा ससविकृत नगरेको<br>• गाउपालिकाले अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरु काम तोकिएको समय भित्रै आंशिक रुपमा सम्पन्न गरेको छ ।<br>• सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८ वमोजिम खरिद योजना वनाइ खरिद भएको छैन<br>• सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ (३) वमोजिम इकाई स्थापना गरेको छैन<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको पाइएन ।<br>• कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिएको पाइएन ।<br>• जिन्सी निरीक्षणमा उल्लेख भएका व्यहोराको कारबाही गरेको देखिएन ।<br>• सवै सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्ग मैत्री र लैंगिक समतामूलक रहेको छैन ।<br>• सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिकरुपमा मात्र गरेको छ ।<br>• सञ्चालित कार्यक्रम सवै अनुगमन मूल्याङ्कन गरी सोको नियमित प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहितालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी<br>देखिन्छ । | |
| ३. | **श्रोत अनुमान तथा वजेट सिमा**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश | |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

गर्ने कानुनी व्यवस्था व्यवस्थानुसार गाउपालिकाले ५ सदस्य रहेको समिति गठन गरेको छ । सो समितिको २०७४।३।२४ मा वसेको वैठकले आगामी वर्षको लागि कानूनको व्यवस्था अनुसार आय केन्द्रवाट प्राप्त हुने संघीय सरकारवाट प्राप्त हुने अनुदानहरु वित्तीय समानिकरण रु.१७ करोड ४९लाख १० हजार आन्तरिक आम्दानी रु.९ लाख समेत कूल रु.१७ करोड ५८ लाख १० हजार अनुमानित आय वजेट प्रस्ताव गरेको छ । गाउ कार्यपालिका संचित कोषको मौज्दात तथा सर्शत अनुदान वजेटमा समावेश छैन । पहिलो गाउसभा २०७४।३।३० ले वजेट तथा कार्यक्रम पारित गरेको छ । मागको आधारमा लक्षित समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तर सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम आयोजना प्राथमिकिकरण गरी वजेट खर्च प्रस्ताव भएको पाइएन ।

४. **कानून निर्माण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को अनुसार स्थानीय सरकारले विभिन्न ४० भन्दा वढी कानून वनाई लागु गर्नुपर्दछ । योवर्ष कार्यालयले ५ वटा ऐन तथा ४ वटा कार्यविधी मात्र निर्माण गरेको निर्णय पुस्तिकावाट देखियो । न्यून कानून तथा कार्यविधी निर्माण गरेको मा पनि ति कानूनहरु तथा कार्यविधी राजपत्रमा प्रकाशन गरी लागु गरेको छैन ।

५. **स्थानीय तथ्यांक र अभिलेख:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम लिखु तामाकोशी गाउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ

६. **चौमासिक खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १७.८७ प्रतिशत, दोश्रो चौमासिकमा २३.४२ प्रतिशत र तेश्रो चौमासिकमा ५८.७० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ३२.४५ प्रतिशत खर्च देखिनुले आ.व.को अन्तमा खर्चको चाप वढेको देखिएको हुदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अन्तिम चौमासिक खास गरी असार महिनामा हतार हतारमा कार्यक्रम संचालन गर्दा सेवा प्रवाहमा असर पर्नाको साथै गुणस्तरमा समेत नकारात्मक स्थिति रहने हुदा आवधिक वजेट सीमा तोकी खर्च गर्नुपर्ने देखियो ।

| वजेट उपशीर्षक | कूल खर्च | चौमासिक खर्च | | | असार महिना |
|---|---|---|---|---|---|
| | | प्रथम | द्धितीय | तृतीय | |
| पुजीगत वजेट | ३३७९९५ | ६०४०९ | ७९१६४ | १९८४०७ | १०९६९९ |
| खर्च प्रतिशत | १०० | १७.८७ | २३.४२ | ५८.७० | ३२.४५ |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ७. | **कर्मचारी व्यवस्था :** नेपाल सरकारको स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी सम्वन्धी निर्णयमा यस गाउपालिकामा ४७ जना कर्मचारी दरवन्दी रहने उल्लेख छ ।पुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पछिल्लो पत्रवाट १९ दरवन्दी रहने देखिएको मध्ये प्रमुख प्रशासकिय अधिकृत सहित ८ पदहरु पूर्ति भई पद रिक्त रहेको पाइयो । रिक्त पद मध्ये २ जना करारमा राखी काम गराएको छ । आवश्यक कर्मचारी व्यवस्थापन नहुंदा सेवा प्रवाहमा असर पर्ने भएकोले कर्मचारी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखियो । | |
| ८. | **प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ को उपदफा ५ मा गाउँपालिका तथा नगरपालीकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग मा पठाउनु पर्ने छ । यस गाउँपालीकाले ऐनमा उल्लेख गरे अनुसार आय व्ययको चौमासिक शिर्षकगत विवरण तोकिएको निकायमा पठाएको छैन । | |
| ९. | **कारोवारको लेखा:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९(२) मा राजस्व आर्जन गर्ने कार्यालयले करदाता वा सेवाग्राहिबाट प्राप्त हुन आएको राजश्वको सम्बन्धित आय शीर्षक खातामा प्रविष्ट गरी स्रेस्ता राख्नु पर्नेछ । त्यसरी जम्मा गरिएको वैंक भौचर संलग्न गरी सम्बन्धित कार्यालयले गोश्वारा भौचर उठाई त्यस्तो रकमको आम्दानी जनाई लेखा राख्नु पर्नेछ । यस गाउपालिकाले उठाएको तथा वडा कार्यालयहरुले उठाएको राजश्व वैंक जम्मा भौचर संलग्न गरी गोश्वरा भौचर उठाई लेखा राखेको पाइएन । नियमानुसार वडा कार्यालयहरुको समेत आम्दानी जनाई सो रकम वैंक जम्मा गरी गोश्वरा भौचर उठाई लेखा राख्ने व्यवस्था हुनु पर्दछ । | |
| १०. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ११. | **न्याय सम्पादन:-** नगरपालिकमा योवर्ष मुद्दा दर्ता १५ भएकोमा सोमा मेलमिलाप टुङ्गो लगाई ९ वटा फछ्र्यौट छ । बाँकी ६ मुद्धा टुङ्गो लगाइ नसकी वांकी रहेको छ । | |
| १२. | **योजना कार्यान्वयन :** गाउ पालिकाले यो वर्ष रु.२० हजार देखि रु.१ करोड सम्मका २५९ वटा कार्यन्वयन गरेको छ । | |
| १३. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य | |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गरेको देखिएन । | |
| १४. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधिमा श्रममूलक कामको निर्धारण, उपभोक्ता समिति वा लाभग्राही समुदायको गठन विधि र काम, कर्तव्य र अधिकार, काम वा सेवामा मितव्ययिता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख राख्ने, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन, निर्माणकार्यको फरफारक र जाँचपास, र अन्य आवश्यक कुराहरु समावेश हुने उल्लेख छ । | |
| १५. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । तामाकोशी लिखु गाउपालीकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा गाउपालिका कार्यक्षेत्रको सडक सफाइ, फोहोर संकल जस्ता वातावरण सुधारको गाउपालिकाले कुनै कार्यक्रम तथा वजेट नराख्ने कार्यले स्वच्छ तथा सफा गाउ वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत गाउ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ । | |
| १६. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउपालिकाले आफ्नो क्षेत्रभित्रका व्यवसायीहरुको लगत राखेको छैन भने सभाले प्रस्ताव गरे अनुसार राजस्व असुल गरेको पाइएन ।.गाउपालिकाको आन्तरिक आय खर्चको तुलनामा ज्यादै न्यून रहेको र प्रस्ताव गरेको राजश्व पनि नउठाउदा स्रोत परिचालन नहुनको साथै व्यवसायीलाई करको दायराभित्र ल्याउन सकेको छैन । अत आयस्रोतको क्षेत्र विस्तार तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ । | |
| १७. | **आर्थिक सहायता :**सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीति मार्गदर्शन २०७५ को वुदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपुर्ति, औषधोपचार र आर्थिक सहायता वापतको खर्च उपलव्ध गराउने उल्लेख छ । गाउ पालिकाले सभावाट पारित गरी आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाइ घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी गाउपालिकाको वैठकको निर्णयवाट आर्थिक सहायता स्वरुप भूक्तानी गरेको छ । यस्तो खर्च लेख्न आवश्यक कार्यविधी तथा मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी यस्तो सुविधा दिने कार्यलाई व्यवस्थित नगरी गरेको खर्च नियमित नदेखिएको रु | २१५३८०५/- |

| गो.भौ.नं.मिति | आर्थिक सहायता विवरण | वितरित वडा | लाभग्राही संख्या | रकम |
|---|---|---|---|---|
| १७-०७४/८/२९ | आगलागि पिढीत १ जना | ४ | १ | ३१०६५ |
| २१-०७४/९/१० | सुकमाया नेपाली | | १ | २४२०० |
| २९-०७४/९/२८ | विपद राहत वितरण | | ६ | ११०००० |
| ३०-०७४/१०/१२ | जिल्ल खेलकुद विकास समिति | | १ | २००००० |
| ३१-०७४/१०/१२ | विपद राहत वितरण | | ९ | २५०००० |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३५-०७४/१०/२२ | विपद राहत वितरण | | १ | ६०००० |
| ५५-०७४/१०/२० | विपद राहत वितरण | | ३ | ८५००० |
| ६३-०७४/११/२५ | विपद राहत वितरण | | ३ | ६०५०० |
| ६४-०७४/११/२९ | विपद राहत वितरण | | १ | ८९६०० |
| ७७-०७४/११/३० | सगरमाथा आरोही पृथ्वीराज पाण्डे | ७ | १ | ५००००० |
| ७९-०७४/१२/२ | रन्जिता तामाङ | ५ | १ | ३०००० |
| ८०-०७४/१२/३ | तिलमाया विक | ५ | १ | १५००० |
| ९१-०७४/१२/१२ | अमर वहादुर खड्का | ५ | १ | १०००० |
| १०३-०७४/१२/२६ | विपद राहत वितरण | | १६ | ९५००० |
| १०९-०७४/१२/२६ | विपद राहत वितरण | | २ | ३५००० |
| ११०-०७४/१२/२७ | न्याउली तामाङ | | १ | २०००० |
| १२९-०७५/१/१२ | ठगवहादुर वरुवाल | ५ | १ | १५००० |
| १४८-०७५/१/२१ | हर्कवहादुर दमाई | | १ | ३०००० |
| १५४-०७५/१/२६ | रमेश वाग्ले | १ | १ | ३०००० |
| १७६-०७५/२/११ | याम वहादुर विक | | १ | १५००० |
| १८१-०७५/२/१३ | नारायण वुढाथोकी | | १ | ३०००० |
| १९७-०७५/२/२२ | जय वहादुर तामाङ | | १ | २५००० |
| २०६-०७५/२/२४ | भद्र वहादुर कार्की | | १ | ३०००० |
| २१७-०७५/२/२५ | विपद राहत वितरण | | ३ | ८०००० |
| २१८-०७५/२/२७ | विपद राहत वितरण | | १ | १०००० |
| २२२-०७५/२/२९ | होम वहादुर वरुवाल | | १ | ३०००० |
| २३६-०७५/२/३१ | विपद राहत वितरण | | २ | ४५००० |
| २३८-०७५/२/३१ | कर्मलाल तामाङ | | १ | २०००० |
| २३९-०७५/२/३१ | अमृत वहादुर तामाङ | | १ | २५००० |
| २४०-०७५/२/३१ | विमला तामाङ | | १ | ३४४० |
| २४८-०७५/३/७ | राजकुमार थापा | | १ | २५००० |
| २६२-०७५/३/८ | विपद राहत वितरण | | ४ | ९५००० |
| २७७-०७५/३/२५ | धनमाया तामाङ | | १ | ३०००० |
| ३८-०७५/२/४ | लक्ष्मि थापा | ६ | १ | ३०००० |
| | | | **जम्मा:** | **२१८३८०५/-** |

१८. **आन्तरिक आय प्रक्षेपण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।समितिले आयका क्षेत्र पहिचान गरी आय क्षेत्र विस्तार गर्न सकेको छैन । यो वर्ष गाउपालिकाले यो वर्ष सिफारिस मालपोत नक्सापास लगायतको स्रोतवाट रु.९ लाख ५० मात्रको आन्तरिक आय प्रक्षेपणगरेको छ ।प्रक्षेपण गरिएको मध्ये रु.५,५१,१४०।७५ मात्र संकलन भएको देखिएको छ । यसले गर्दा प्रक्षेपित राजश्व पनि नउठाउने र अध्याधिक चालु तथा प्रशासनिक कार्यमा खर्च हुने कार्यलेगाउपलिका आत्मनिर्मर हुनसक्ने देखिएन । गाउपलिकाले आन्तरिक आयका क्षेत्र पहिचान गरी आत्मनिर्भरता तर्फ उन्मुख हुन प्रयास गर्नुपर्ने देखिन्छ ।

१९. **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन २०४९ को दफा ७ ख(२) मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुदैन । प्रतिवेदन पास नगरी तलब खुवाएको भएमा त्यसरी तलब खुवाउने पदाधिकारीबाट त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम सरकारी बाकीसरह असुलउपर गरिनेछ भन्ने उल्लेख छ । नेपाल सरकारवाट गाउपालिकामा खटाइएका विषयगत कार्यक्रमका देहाय अनुसार कर्मचारीको तलवी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलबी प्रतिबेदन पारित नगरी तलव खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरी लेखेको तलव खर्च अनियमित हुने भएकोले कानूनको व्यवस्था अनुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्ने व्यवस्था हुनपर्दछ ।

| सि.नं | विषयगत कार्यक्रमको नाम | कर्मचारी संख्या | वार्षिक तलव खर्च रकम |
|---|---|---|---|
| १ | गाउ कार्यपालिका अन्तरगत | ६ | ५१५४६९१ |
| २ | स्वास्थ्य अन्तरगत अस्पत्ताल स्वास्थ्य चौकी र शहरी स्वास्थ्य क्लिनिकहरु | | ८२७३४३४ |

२०. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै स्थानीय तहले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउपालिकाले २०७४।७५ मा आय-व्यय लेखाको हिसाव Sub National Tresury Regulatory application (SUTRA) सफ्टवेयरमा राखेको छैन । कानूनले व्यवस्था गरेको सफ्टवेयर प्रयोग गरी हिसाव राख्नुपर्दछ । Sub National Tresury Regulatory application मा लेखाराख्न प्रयासरत रहेको जानकारी दिएको छ ।

२१. **पदाधिकारीको सुविधा :** प्रदेश नं. ३ वाट मिति २०७५।३।३ मा पारित स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारीले आफु निर्वाचित भई अनुसूचि २ वमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि अनुसूचि १ बमोजिमको नवढने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुविधा पाउने व्यवस्था छ । गाउपालिकाले यो वर्ष पदाधिकारीलाई अनुसूचीमा तोकिएको सुविधा पारिश्रमिक चाडपर्व खर्च समेत रु.४३,००,०००।००का अलावा संचार सुविधा रु.१६२५०२।०० वैठकभत्ता रु.६०९८४२।०० समेतमा गरी जम्मा रु ५०७२३४४।- पदाधिकारी सुविधा वापत खर्च लेखेको छ । गाउपालीकाको बजेट अनुमानमा अन्तरिक स्रोत रु.९,५०,०००।- आय हुने अनुमान गरिएकोमा रु.५२२८१०।-आम्दानी भएको छ । ऐन मा आन्तरिक स्रोत समेतको आधारमा पारिश्रमिक सुविधा पाउने उल्लेख भएपनि सो आधारमा पारिश्रमिक तय गरेको छैन । यस तर्फ ध्यान नदिइ ऐनले व्यवस्था सुविधा गाउकार्यपालिकावाट निर्णय गरी खर्च लेखेको रकम नियमसंगत नदेखिएको रु. ७७२३४४/-

२२. **कानून वन्नुभन्दा अगाडिको सुविधा :** स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारीले आफु निर्वाचित भई अनुसूचि २ वमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि अनुसूचि १ बमोजिमको नवढने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा मासिक पारिश्रमिक सुविधा पाउने व्यवस्था गरी ३ नं. प्रदेश सरकारले ऐन २०७५।१।२०मा जारी गरेको छ । सो ऐनमा पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि सुविधा

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | पाउने उल्लेख छ । कानून वन्नु भन्दा अगाडिका अवधीको सुविधा दिनेगरी कानून निर्माण गरी सो अवधीको रु.४२,६०,८६६।०० खर्च लेख्ने कार्य उपयुक्त देखिएन । | |
| २३. | आयकर ऐन २०५८ अनुसार भुक्तानीमा अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारको खरिद कार्य गरेकोमा अग्रिम कर बापत आंशिक कट्टी गरेको पाइएकोले नपुग अग्रिम कर बापतको रकम दाखिला गर्नुपर्ने देखिएको रु. | ९२८०९/- |

| भौ.नं.मिति | विवरण | बिल रकम | कट्टी गर्नुपर्ने अग्रिमकर | कट्टी गरेको | नपुग रकम |
|---|---|---|---|---|---|
| ९४/०७५/१/३१ | विद्युत सामाग्री खरिद | ५२१८५ | ७८२७ | ७८३ | ७०४४ |
| १३४/०७५/३/३० | विविध खर्च | १७१६७६ | २५७५२ | २५७५ | २३१७७ |
| ७४/०७४/१२/१३ | कार्यालय सामान खरिद | ५९४०० | ८९१० | ८९१ | ८०१९ |
| १०९/०७५/२/६ | फर्निसिङ सामान | १११६६० | १६७४९ | १६७५ | १५०७४ |
| १०८/०७५/२/६ | फर्निसिङ सामान | ९५९३७ | १४३९० | १२७४ | १३११६ |
| १५४/०७५/३/२२ | विविध खर्च | १२२५०० | १८३७५ | १८३७ | १६५३८ |
| २१/०७४/८/२९ | फर्निसिङ | ७२९०० | १०९३५ | १०९४ | ९८४१ |
| | | | | **जम्मा** | **९२८०९** |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २४. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) अनुसार कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । उपरोक्त नियम विपरित बैठक भत्ता भुक्तानी गरेको बैठकमा उपस्थिति रहेको भन्दा दुई वटा बैठकको भुक्तानी लिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको रु. | ५१०० |

| भौ.नं.मिति | भुक्तानी लिने | बढी भुक्तानी भएको बैठक भत्ता रकम कर कट्टी पछिको |
|---|---|---|
| ७०/०७४/१२/१६ | राजु न्यौपाने | २५५० |
| ७०/०७४/१२/१६ | दुर्गा बहादुर तामाङ | २५५० |
| | **जम्मा** | **५१००** |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २५. | **सम्झौता बेगर भुक्तानी :** गो.भौ.नं. १८।०७४।७।२४ र ३१।०७४।९।१० बाट सम्झौताको माध्यमबाट गरिने खर्चहरुमा सम्झौताको पालना गरिनुपर्दछ । कार्यालयले घरभाडा बापत रकम भुक्तानी गर्दा सम्झौतामा उल्लेख भएको शर्त बमोजिम घरभाडा भुक्तानी गर्नुपर्दछ । कार्यालयले भवनका लागि घरभाडा मासिक रुपमा रु.३३००० का दरले आवास सुविधा बापत मासिक रु.१५००० का दरले सम्झौता गरी भाडा भुक्तानी गरेको छ । सम्झौतामा घरभाडा भुक्तानी गरिने अवधि उल्लेख नगरी एकमुष्ट घरधनी हरि बहादुर खड्कालाई रु.३६३००० र कुमारी तामाङलाई रु.१२०००० अग्रिम रुपमा भुक्तानी गरेको छ । यसरी सम्झौतामा शर्तहरु उल्लेख नगरी अग्रिम रुपमा घरभाडा भुक्तानी गरेको अनियमित देखिएको रु. | ४८३००० |
| २६. | **इन्धन पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी कामकाजको निमित्त पेश्की लिनुपर्दा कुन कामको निमित्त के कति रकम चाहिएको हो त्यसको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयका सवारी चालक श्री खोम बहादुर मगरले इन्धन बापत पटक पटक | |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

पेश्की लिने गरेको र इन्धनका विभिन्न टुक्रे बिल राखी फछ्र्यौट गर्ने गरेको देखियो । सबै इन्धन प्रयोजनार्थ खर्च भएको लगबुक समेत आंशिक रुपमा मात्र राख्ने गरेको देखिएकोले यसरी इन्धन खर्च बापत गरिएको भुक्तानी प्रकृयालाई नियन्त्रण गरिनु पर्दछ । उदाहरणार्थ निम्नानुसार समावेश गरिएको छ ।

| भौ.नं. मिति | इन्धन बापत लिएको रकम |
|---|---|
| ८५/०७४/११/६ | २५००० |
| ८८/०७५/१/२५ | २५००० |
| १२३/०७५/२/२० | २५००० |
| १३/०७५/३/१० | ३५००० |
| १११/०७५/२/११ | २५००० |
| **जम्मा** | **१३५०००** |

२७. **शिर्षक विपरित खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (२) अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्वीकृत बजेट बमोजिम र सम्बन्धीत खर्च शिर्षकमा रहेर गर्नुपर्दछ र खर्च गर्न बाँकी छ भने सोको विचार गरी खर्च गर्ने र खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था गरेको छ । कार्यालयले करारमा कार्यरत कर्मचारीहरुलाई अन्य सेवा शिर्षकबाट खर्च लेख्नुपर्नेमा तलब खर्च शिर्षकबाट खर्च लेखेको देखिएकोले यसरी शिर्षक विपरित खर्च लेखेको अनियमित देखिएको रु. १८८८६२०

| भौ.नं.मिति | भुक्तानी रकम |
|---|---|
| १५/०७४/६/३० | ५०००० |
| ३३/०७४/९/१३ | ४०७९८ |
| ४४/०७४/९/३० | १००००० |
| ५७/०७४/११/८ | ५२५०० |
| ५९/०७४/११/८ | ४२००० |
| १२८/०७५/२/२७ | २४००० |
| ६५/०७४/११/२८ | २९५८७५ |
| ७६/०७४/१२/२८ | ३२७४४५ |
| ९२/०७५/१/३० | ३२०११२ |
| १२६/०७५/२/२७ | २९९९४५ |
| १४०/०७५/३/१४ | ३३५९४५ |
| **जम्मा** | **१८८८६२०** |

२८. **प्रोत्साहन भत्ता :** कार्यलयले थप आर्थिक दायित्व पर्ने कार्यमा आफ्नो आन्तरिक स्रोतलाई आधार वनाउनु पर्दछ । यस गाउकार्यपालिका वैठक नं. ७ वाट निर्णय गरी देहाय अनुसार कर्मचारीलाई मासिक तलवको ५० तथा शत प्रतिशत प्रोत्साहन भत्ता दिने निर्णय गरे अनुरुप भुक्तानी खर्च लखेको छ । गाउँपालिकाको आन्तरिक स्रोत न्यून रहेको स्थितीमा यस प्रकार भत्ता दिने स्रोत संघीय सरकारवाट प्राप्त हुने अनुदानलाई नै आधार लिने कार्य मनासिव देखिएन । अतयसरी लेखिएको खर्च नियमसंगत नदेखिएको रु. ९७१७५४/-

| पद | कर्मचारीको नाम | महिना | प्रोत्साहन भत्ता | इन्धन | अन्य | संचार | आवास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| का.अ | टार्जन कुमार लिम्बु | श्रावण/भाद्र/आ. | ७६२५० | १५००० | ० | १२००० | ९००० | ११२२५० |
| ले.पा | दुर्गा ब. डिमदोङ तामाङ | श्रावण-असार परिषद भत्ता | १८८००० | ४८००० | ० | ३६००० | २४००० | २९६००० |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सव.ई | काशीराज राई | श्रावण-कार्त्तिक सम्म | - | १६००० | ० | ४००० | - | २०००० |
| वडा सचिव | लक्ष्मण तामाङ | श्रावण-असार | ७८००० | - | ० | - | - | ७८००० |
| " | श्याम कुमार चौधरी | श्रावण-असार | ८४००० | | ० | | | ८४००० |
| " | केहरमान तामाङ | श्रावण-असार | २४००० | | ० | | | २४००० |
| प्र.प्र.अ | राजु प्रसाद न्यौपाने | कात्तिक-अषाढ परिषदभत्ता | १९८२५० | ४५००० | ३८२५४ | ३६००० | २७००० | ३४४५०४ |
| प्रा.स. | अच्युत तिमल्सिना | परिषद भत्ता नि. नं ७ | १३००० | - | ० | - | - | १३००० |
| | | | | | | | **जम्मा** | **९७१७५४** |

२९. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु. ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान नियम ८५ (१ख) अनुसार सार्वजनिक नियकाले एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक वर्षमा विभिन्न मेसिनरी औजार विभिन्न मितिमा पटक पटक सोझै खरिद गरेको देखियो । सार्वजनिक खरिद नियमावलीले तोकेको मापदण्ड विपरित सोझै खरिद नियमित देखिएन । यस प्रकारका खरिद गरेकाकेही उदारहणहरु देहाय अनुसार छन् । नियमको प्रावधान अनुसार खरिद गर्नुपर्दछ ।

| भौ.नं.मिति | सामानको विवरण | भुक्तानी लिने फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ११३/०७५/२/१३ | कार्यालय सामाग्री | श्री नमस्ते डेकोर | ४९९९१२ |
| ११४/०७५/२/१३ | विभिन्न स्टेशनरी सामान | विवेक स्टेशनरी एण्ड जेनेरल सप्लायर्स | ४९९४६० |
| ११५/०७५/२/१३ | विभिन्न फर्निचर | सजावट फर्निचर उद्योग | ४९७७६५ |
| ११६/०७५/२/१३ | आल्मुनियम पार्टिसन | न्यु लुक फर्निचर मिड बानेश्वर | ४९९३२४ |
| १४२/०७५/३/१७ | मेसिनरी औजार उपकरण | कन्काई हेडर्स एण्ड सप्लायर्स | ४६९२८९ |
| १४३/०७५/३/१७ | मेसिनरी औजार उपकरण | रेडियण्ड गप प्रा.लि न्युरोड | ४९२२२८ |
| १४४/०७५/३/१७ | कार्यालय सामान | एम ई सि सोलुसन प्रवल इन्टरप्राइजेज | ४६८००० |
| | | **जम्मा** | **३४२५९७८** |

३०. **शिर्षक विपरित खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (२) अनुसार खचृ गर्ने वा खर्चको निकाशा दिने अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धीत खर्च शिर्षकमा रहेर गर्नु पर्दछ र खर्च गर्न बाँकी छ भने सोको विचार गरी खर्च गर्ने र खर्च गर्न निकाशा दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकबाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकबाट खर्च लेखि भुक्तानी गरेको देखिएकोले यसरी नियम विपरित खर्च लेखी भुक्तानी गरेको रकम अनियमित देखिएको रु. ४३३७०१

| भौ.नं.मिति | विवरण | लेख्नुपर्ने खर्च शिर्षक | लेखेको खर्च शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|---|

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १०८/०७५/२/६ | फर्निचर तथा फर्निसिङ सामानहरु | फर्निचर | विविध | १११६६० |
| १०९/०७५/२/६ | फर्निचर तथा फर्निसिङ सामानहरु | फर्निचर | विविध | ९५९३७ |
| ११७/०७५/२/१३ | ढुवानी भाडा | अन्यभाडा | भैपरी आउने | १६६१०४ |
| १३५/०७५/३/७ | गाडीभाडा | अन्यभाडा | विविध | ६०००० |
| | | | **जम्मा** | **४३३७०१** |

३१. गो.भौ.नं. १५३।०७५।३।१९ बाट भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) अनुसार बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकैदिन गई फर्किने गरी सरकारी काममा खटिजाने पदाधिकारी वा कर्मचारीले यस नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भ्रमण भत्ताको २५%  खाजा खर्च पाउने व्यवस्था रहेको छ र यसै नियमावलीको नियम -९) अनुसार आफुखुशी निवेदन दिई काजमा खटिएको कर्मचारीले यस नियम बमोजिमको सुविधा पाउने छैन भन्ने व्यवस्था रहेको छ । गाउँ कार्यपालिकाले एक आर्थिक वर्षभरको योजना अनुगमन, सवारी साधन खरिद, कार्यशाला गोष्टिमा भाग लिन भन्ने जस्ता कार्यका लागि एकैपटक वर्षभरको भ्रमण आदेश स्वीकृत गरी एकमुष्ट रु.२१३७५० दैनिक तथा भ्रमण भत्ता भुक्तानी लिएको देखियो । यसरी जुन समयमा भ्रमण गर्नुपर्ने हो सोहि अवधि दैनिक तथा भ्रमण भत्ता लिनुपर्नेमा सो नगरी एकमुष्ट वर्षको अन्त्यमा आएर भुक्तानी लिई खर्च लेखेको रकम अनियमित देखिएको रु. २१३७५०

३२. गो.भौ.नं. १७३।०७५।३।३२ बाट भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ (१) अनुसार भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न नपाइने व्यवस्था छ । कार्यालयले दैनिक तथा  भ्रमण भत्ता बापत रकम भुक्तानी गर्दा कार्यालय बाहेक निम्नानुसारका कर्मचारीलाई दैनिक तथा भ्रमण भत्ता भुक्तानी गरेकोले यसरी नियम विपरित भुक्तानी रकम नियमित गर्नुपर्ने देखिएको रु. ३७३००

| कर्मचारीको नाम पद | दैनिक तथा भ्रमण भत्ता |
|---|---|
| सह सचिव बेद बहादुर कार्की | १४१०० |
| मे.इ. जितेन्द्र सिंह | ११६०० |
| मे.ई. सुमन दाहाल | ११६०० |
| **जम्मा** | **३७३००** |

३३. गो.भौ.नं. ३।०७४।५।१५ बाट आर्थिक वर्ष २०७४।७५ को परिषद सम्पन्न गर्दा भएको खर्च रकम रु. १६७२४० भएकोमा परिषदको निर्णय एवं समर्थन बेगर खाना, खाजा, संचार लगायत खर्च भएको अनियमित देखिएको रु. १६७२४०

३४. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा शीर्षक भित्र परेको कार्यक्रममा मात्र खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले चालुवाट खर्चवाट पुजीगत कार्यमा पर्ने विद्युतिकरण योजनामा देहाय अनुसार (पुँजीगत सुधार खर्च) खर्च गरेको पाइएकोले शीर्षकमा नपरेको खर्च समर्थन भएको पनि देखिएन । अत रकमान्तर स्वीकृति तथा  समर्थन वेगरको खर्च नियमित नदेखिएको रु २९६२२३८

| भौ.नं.मिति | रकम |
|---|---|
| १२९/०७५/२/२७ | ४७१२१० |
| १३०/०७५/२/२७ | ४८१८३२ |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | |
|---|---|
| १०४/०७५/२/५ | ४३३२९८ |
| १०५/०७५/२/५ | ४०६८०० |
| १५७/०७५/३/२५ | ५०१७२० |
| १५८/०७५/३/२५ | ६६७३७८ |
| **जम्मा** | **२९६२२३८** |

३५. **शिक्षातर्फ :** त्रिपुरेश्वर मा.वि दुरागाउका शिक्षक यदुकुल गौतम २०७४।७।१९ देखि सेवावृित भएको पाइयो । गाउपालिकाले निजका नाममा पहिलो चौमासिकको पुरै तलव विद्यालयलाई निकासा दिएको पाइयो । सेवा निवृत शिक्षकको नाममा १२ दिनको वढी निकासा दिएको तलव रु.१७५४५।०० विद्यालयवाट फिर्ता गरेको छैन । वढी निकासा भएको रकम विद्यालयवाट अशुल गरी सम्वन्धित राजश्व खातामा दाखिला गर्ने रु — १७५४५/-

३६. आयकर ऐन २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । विशेष करारमा नियुक्त हुनुभएका डा जिवन न्यौपानेको वार्षिक आय रु.५५७२४० मा निजले पाउने नियमानुसारको छुट रकम रु.४०६००० कट्टी गरी कर योग्य आय रु.१५१२४० मा १५% का दरले हुने रु.२२६८६ पारिश्रमिक कर बापतको रकम दाखिला गर्नुपर्ने देखिएको रु. — २२६८६

३७. **शिर्षक विपरित खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (२) अनुसार खर्च गर्ने वा खर्चको निकाशा दिने अधिरकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धीत खर्च शिर्षकमा रहेर गर्नुपर्दछ र खर्च गर्न बाँकी छ भने सोको विचार गरी खर्च गर्ने र खर्च गर्न निकाशा दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकबाट लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकबाट खर्च लेखी भुक्तानी गरेको देखिएकोले यसरी नियम विपरित खर्च लेखी भुक्तानी गरेको रकम अनियमित देखिएको रु. — २६०८९५३

| भौ.नं.मिति | विवरण | लेख्नुपर्ने खर्च शिर्षक | लेखेको खर्च शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|---|
| १/०७४/५/२८<br>२९/०७४/१२/२८<br>३७/०७५/३/१७ | श्रावण देखि अषाढ सम्मको करार कर्मचारीहरुको पारिश्रमिक | अन्य सेवा | तलब( २११११) | २५९२५५३ |
| ११/०७४/८/२९ | दैनिक तथा भ्रमण भत्ता भुक्तानी | अन्य भत्ता | दै.भ्र.भत्ता | १६४०० |
| | | | **जम्मा** | **२६०८९५३** |

३८. **खर्चको प्रमाण :** आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६९ अनुसूचि १ (२) अनुसार संस्थागत प्रसुती सेवाग्राही महिलालाई प्रदान गरिने यातायात खर्च तथा अन्य सुविधा बापतको रकम तय गरेको छ । उक्त निर्देशिका अनुसार सामान्य प्रसुती सेवा गराएबापत रु.१००० र यातायात खर्च रु.४०० उपलब्ध गराइने व्यवस्था रहेकोमा स्वास्थ्य कार्यालयले निम्नानुसारको खर्च लेखेको मा सेवाग्राही महिलाको संख्या एवं उपचार गराए बापतको विवरण पेश नगरी खर्च लेखेको देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु. — १६४६००

| भौ.नं.मिति | खर्च लेखेको रकम |
|---|---|
| ४०/०७५/३/२४ | ८०६०० |
| ४१/०७५/३/२४ | २७००० |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | |
|---|---|
| २२/०७४/११/२५ | ५७००० |
| **जम्मा** | **१६४६००** |

३९. भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ अनुसार भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बिल भर्पाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयका सि.अ.हे.ब श्री जय प्रकाश रायले डाटा भेरिफिकेसन तथा विभिन्न तालिम संचालन गर्न दैनिक तथा भ्रमण भत्ता बापत भुक्तानी लिएकोमा एउटै मितिमा २ पटक दैनिक तथा भ्रमण भत्ता खर्च लेखिएकोले यसरी दोहोरो खर्च लेखेको रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. १६०००

| भौ.नं.मिति | भ्रमण अवधि | दैनिक तथा भ्रमण रकम |
|---|---|---|
| ११/०७४/८/२९ | १-१/१-३ | ४३०० |
| ३९/०७५/३/२९ | १-१/१-३ | |
| ३९/०७५/३/२९ | ३-७/३-१३ | ३२०० |
| ४२/०७५/३/२४ | ३-१२/३-१८ | |
| ३९/०७५/३/२९ | १२-२५/१२-१२-३१ र १२-२५/१२-२७ | ४२५० |
| ३९/०७५/३/२९ | १२-२८/१२/३० | ४२५० |
| | **जम्मा** | **१६०००** |

**पुंजीगत तर्फ :**

४०. **सवारी साधन खरिद** - अर्थ मन्त्रालयवाट जारी भएको आर्थिक वर्ष २०७४।७५ को वजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको वुदा ११ मा आयोजनाको लागत अनुमान भित्र सवारी साधन खरिद गर्न समावेश गर्न नपाइने उल्लेख छ। गाउपलिकाले प्रथम गाउ सभावाट  सवारी साधनमा रु.६० लाख एम्वुलेन्स खरिदमा रु,२२ लाख समेत गरी बजेट रु.८२ लाख वजेट प्रस्ताव गरेको छ। संघिय सरकारवाट प्राप्त अनुदान वाट सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिएको पाइएन। यस गाउपालिकाले वजेट प्रस्ताव वमोजिम क्यापटलन सपिङ माध्यमवाट सवारी साधन टाटा कम्पनीद्धारा निर्मित स्ट्रोम गाडी १ रु.५९ लाख ९० हजार मा तथा  एम्वुलेन्स २ रु.२२ लाखमा खरिद गरेको छ। नेपाल सरकारवाट प्राप्त अनुदानको उपयोग गर्दा नेपाल संघीय सरकारका निर्देशन पालना नगरी खर्च गर्ने कार्य नियमित देखिएन।

४१. **कोष व्यवस्थापन :** गाउपालिकाले आफ्नो नियमित कार्यलाई व्यवस्थित वनाउन विभिन्न कोषहरु स्थापना खडा गर्ने र कोषमा रकम जम्मा गर्ने तथा खर्च गर्ने सम्वन्धमा सभावाट कोष व्यवस्थापन कार्यविधी स्वीकृत गरी संचालन गर्नु पर्दछ। गाउपालिका को वैठकले  मर्मत संभ्भार कोष, विपद व्यवस्थापन कोष, तथा कर्मचारी कल्याण कोष खडा गर्ने र सोको कार्यविधी तयार गर्ने निर्णय गरेको भएता पनि कोष स्थापना नै नगरेको तथा संचालन कार्यविधी तयार गरेको पाइएन। कार्यविधी तयार गरी स्थापित कोषहरुको रकम जम्मा गर्ने तथा खर्च गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

४२. **नगदी रसिद :** गाउपालिकाले आन्तरिक राजश्वको हिसाव पारदर्शी तथा नियन्त्रित राख्न नगदी रसिद तथा मालपोत रसिद छपाई गरी छपाई भएका प्याडहरु रसिद नियन्त्रण कितावमा राखी सोको अभिलेख जनाई वडाको राजश्व उठाउने कर्मचारीलाई वुझाउनु पर्दछ। यस प्रकार राजश्व उठाउने कर्मचारीले वुझि लगेका

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | रसिद मध्ये काटि सकिएका ठेलि रसिदहरु गाउपालिकाले फिर्ता लिई सो वमोजिमको राजश्व वा मालपोत प्राप्त भए नभएको एकिन गरी राजश्व हिसाव फरफारख गर्नुपर्दछ । गाउपालिकाले छपाइ गरेका सवै नगदी रसिदको हिसाव रसिद नियन्त्रण खातामा राखेको छैन भने वडामा गएका नगदी रसिद तथा मालपोत रसिद जिम्मा लिनेवाट रसिद वमोजिम नगद प्राप्त भयो भएन अभिलेख समेत वनाएको छैन । यसले गर्दा गाउपालिकाको राजश्व संकलन तथा संचित कोष जम्मा सम्वन्धमा विश्वस्त हुने अवस्था देखिएन । गाउपालिकाले आर्थिक विवरणमा देखाएको स्थनीय संचित कोषमा जम्मा भएको आन्तरिक आम्दानी समेत कुन वडावाट जम्मा भयो के काति रसिदवाट सो रकम जम्मा भएको थियो सो को अभिलेख विना नै वैकमा जम्मा भएको आधारमा पनि आन्तरिक राजश्व हिसाव देखाएको छ । अत गाउपालिकाको छपाई भएका रसिद, रसिद अनुसारको राजश्व संकलन तथा सोको अभिलेख समेत सवै वडाको छानविन गरी वास्तविक राजश्व हिसाव देखाउनु पर्दछ । | |
| ४३. | **वितरणमुखी कार्यक्रम :** लक्षित समूहको कार्यक्रम संचालन गर्दा पूजी निर्माण सेवा प्रवाहमा गुणस्तरीय सुधार क्षमता वृद्धि हुने जस्ता मापन गर्न सकिने ठोस कार्यक्रम वा योजनामा मात्र विनियोजन एवं खर्च गर्नुपर्दछ । त्यस गाउपालिकाले पूजी निर्माण मापन गर्न नसकिने वितरणमुखी कार्यक्रम सभावाट स्वीकृत गरी सञ्चालन गरेको देखियो । वितरणमुखी कार्यक्रमले पुजी निर्माणमा सहयोग नहुने क्षमता वृद्धि र सेवाको गुणस्तरमा कुनै योगदान दिन सहयोगी नहुने भएकोले यस प्रकारका कार्यक्रम संचालन गर्ने गरी कार्यक्रम वनाई खर्च गर्ने पद्धती नियमसंगत देखिएन । वितरणमुखी कार्यक्रम  संचालन गरी खर्च गरेका केही उदाहरणहरु देहाय अनुसार छन् : | |

| क.सं | भौ.नं./मिति | कार्य विवरण | सामान खरिद गरेको फर्मकोनाम | खर्च रकम |
|---|---|---|---|---|
| १ | ४७-०७४/११/६ | पाइप खरिद २११५ मिटर | एस ट्रेड लिङ्क | ४९६०७० |
| २ | ८२-०७४/१२/२ | पाइप खरिद ७३०० मिटर | पि ए एस सप्लायर्स | ५०१६१० |
| ३ | ८२-०७४/१२/२ | पाइप खरिद ४३९० मिटर | गौरी ट्रेड सर्भिस प्रा.लि. | ४९५३९२ |
| ४ | ११७-०७४/१२/२८ | पाइप खरिद ६२५० मिटर | केवी ट्रेड कन्सर्न | ३८९३३० |
| ५ | ११८-०७४/१२/२८ | पाइप खरिद ७३०० मिटर | वि एस इम्पेक्स | ४४९४९० |
| ६ | ४२८-०७५/३/२८ | २००० लि.को पानी टैकी १ तथा पाइप ९०० मि | मोडर्न पेन्टस् एण्ड हार्डवेयर | ९७००० |
| ७ | ४१९-०७५/३/३२ | वडा नं. १ मा ९ वण्डल जस्ता वितरण | | १०००००/- |
| | | | **जम्मा** | **२५२८८९२** |

| | | |
|---|---|---|
| ४४. | **उपभोक्तावाट श्रमदान नलिई काम गराएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्ने काममा त्यस्तो समुहले व्यहोंने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था छ । उपभोक्ता | |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

समितिबाट सम्पादन गर्ने काममा गाउपालिकाले सार्वजनिक सूचना प्रकाशन गरेको पाइएन भने देहाय अनुसार उपभोक्ता समितिले जिम्मा लिएको काममा कुनै श्रमदान भएको पाइएन । नियमको व्यवस्था अनुसार उपभोत्ताको लागतमा सहभागि नगराई गराएको निर्माण कार्य नियमित देखिएन । निम्नानुसारका उपभोक्ता समितिसंग संभौता गरी श्रमदान वेगरको भुक्तानी नियमसंगत नदेखिएको रु.

| गो.भौ.नं.मिति | कामको विवरण | लागत अनुमान | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| २७१-०७५/३/१० | चण्डीस्थान सडक | १०४८९५ | ९७००० | कन्टेन्जेन्स मात्र कट्टा |
| २७०-०७५/३/१० | चण्डीस्थान घेरवेर | १००३२३ | ९७००० | कन्टेन्जेन्स मात्र कट्टा |
| ३६७-०७५/३/२२ | सेतापहरा खापा योजना | १२८१८४ | ११६४०० | कन्टेन्जेन्स मात्र कट्टा |

४५. **नर्म्स्भन्दा बढी दरबाट भुक्तानी** : सार्वजनिक निर्माण कार्यको लागत अनुमान सम्बन्धित निकायबाट स्वीकृत भएको नर्म्स्को आधारमा रही गर्नुपर्दछ । स्वीकृत नर्म्स्को आधार लिई स्वीकृत भएको लागत अनुमानको काम उपभोक्ता समितिले सोही दररेटका आधारमा सम्भौता गर्ने र कामको भुक्तानी पाउने कानूनी व्यवस्था छ । गाउंपालिकाले निम्नानुसार सडक निर्माण तथा स्तरउन्नती गर्ने काम अन्तर्गत नरम माटोको काम प्रति घ.मि. डोलिडार नर्म्स् अनुसार ०.५० जना ज्यामी लाग्नेमा १ जना ज्यामी लाग्ने गरी लागत अनुमान तयार गरेको छ । यसले गर्दा सोही दरमा उपभोक्ता समितिसंग सम्भौता भई कामको भुक्तानी भएको छ । नर्म्स् अनुसारको दर विश्लेषण नगरी फरक दरबाट उपभोक्ता समितिलाई देहाय अनुसार भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. ४,९६,४१०/-

| भौ.नं. र मिति | कामको विवरण | नरम माटो खनेको परिमाण | भुक्तानी दिनुपर्ने दर | भुक्तानी दिएको दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २३-२०७४/९/१४ | नागीलेती पहरे सडक | २०० घ.मि. | ३२४.४५ | ६३०/- | ६१,११०/- |
| २४-२०७४/९/१५ | खेलकुद मैदान निर्माण | ३३० घ.मि. | ३२४.४५ | ६३०/- | १००,८३१/- |
| २७-२०७४/९/२५ | लिखु ७ गजेन्द्र काफ्ले सडक | २०२ घ.मि. | ३२४.४५ | ६३०/- | ६१,७२१/- |
| ५४-२०७४/११/२० | खाल्टेगाउं गोगने लप्सीबोट दारगौडा सडक | ४१.६ घ.मि. | ३२४.४५ | ६३०/- | १२,७१०/- |
| ९७-२०७४/१२/१४ | बासे मुलखर्क वनौली सडक | ८५१.५ घ.मि. | ३२४.४५ | ६३०/- | २६०,०३८/- |
| | | | | जम्मा: | ४९६,४१०/- |

४६. **लागतमा ओभरहेड समावेश गरी उपभोक्ता समितिलाई भूक्तानी :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्थाछ । कार्यालयले मेशीनद्धारा सडक निर्माण गर्ने कामको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश गरेको पाइयो । यसरी ओभरहेड समावेश गरेको दरवाट उपभोक्ता समितिलाई कामको भुक्तानी गर्दा नियमको व्यवस्था अनुसार वढी भुक्तानी हुने भएकोले यसरी भुक्तानी दिएकोमा कार्यालयले छानवीन गरी अशुलगर्नु पर्दछ । कार्यालयले यस प्रकारको दरवाट नरम तथा कडा माटोको कामको मात्र भुक्तानी गरेका केही उदाहरणहरु निम्नानुसार छन ।

| भौ.नं. मिति | कामको विवरण | भुक्तानी दिनुपर्ने दर | भुक्तानी दिएको दर | वढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १९ - ०७४/११/६ | खिम्ती शिवालय धोवी सडक<br>नरम माटो ७१८६.४४ घमी<br>कडा माटो १३०७८.८० घमी | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | १५४५०.८४<br>२७७२७.०५ |
| ३९-०७४/१०/१७ | झाक्रीडाड नागथली नागथली सडक<br>नरम माटो १०५४९.२० घमी<br>कडा माटो ८८००.७५ घमी | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | २२६८०.७८<br>१८६५७.५९ |
| ४१ - ०७४/११/६ | जगमाने फेदी सडक<br>नरम माटो ४८२९.२४ घमी<br>कडा माटो ६११२.६० घमी | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | १०३८२.८६<br>६८४६.११ |
| ४५ - ०७४/११/६ | खिम्ती शिवालय धोवी सडक<br>नरम माटो ४७६८.७९ घमी<br>कडा माटो ९८२१.०१ घमी | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | १०२५२.८९<br>२०८२०.५४ |
| ५७ - ०७४/११/२२ | रातमाटा खत्रीडाडा सडक<br>नरम माटो ६७७२.४६ घमी<br>कडा माटो २१९१.५० | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | १४५६०.८०<br>४६४५.९८ |
| ६१ - ०७४/११/२५ | चिलाउने मुभेडाडा सडक<br>नरम माटो ७७५२.०० घमी<br>कडा माटो ३९३०.७२ घमी | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | १६६८७.८७<br>८३३३.१२ |
| ७८ - ०७४/१२/२ | गिद्धेगहते तिल्पुङ सडक<br>नरम माटो ६८३३.५० घमी<br>कडा माटो ७५२१.५२ घमी | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | १४६९२/-<br>१५९४४.७७ |
| ८७ - ०७४/१२/८ | थापाडाडा फलैचा सडक<br>नरम माटो ४१८६.६४ घमी<br>कडा माटो ६१६०.६५ घमी | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | ९००१.२७<br>१३०६०.५७ |
| २१० - ०७५/२/२४ | दिलौरी जगमाने दिलौरी शहिदस्मृति सडक<br>नरम माटो ६४३५.०० घमी<br>कडा माटो ५९९०.८० घमी | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | १३८३५.२५<br>१२७००.५० |
| २४५ - ०७५/२/३१ | निगाले घट्टेखोला सडक<br>नरम माटो ३४४८.०० घमी<br>कडा माटो ४८८३.९८ घमी | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | ७४१३.२०<br>१०३५४.०३ |
| २८५ - ०७५/३/१२ | देवीस्थान तिल्पुङ सडक<br>कडा माटो ५९९०.८० घमी | ७१.८८ | ७४.०० | १२७००.५० |
| २९५ - | महादेवस्थान टोल सडक | | | |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ०७५/३/१२ | कडा माटो ५८६८.०० घमी | ७१.८८ | ७४.०० | १२४४०/- |
| २९६ - ०७५/३/१२ | वडास्तरिय खेलमैदान<br>कडा माटो ९५४७.२० घमी | ७१.८८ | ७४.०० | २०२४०/- |
| १६५ - ०७५/२/३ | साउनेपानी केरावोटे मुलखर्क सडक<br>नरम माटो ५०८०.९१ घमी<br>कडा माटो १००८९.९० | ५१.४५<br>७१.८८ | ५३.६०<br>७४.०० | १०९२३.९३<br>२१३९०.५८ |
| | | | **जम्मा** | **३५१२९३.६०** |

४७. **मुल्य अभिवृद्धि कर दर्ता नभएकावाट खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा वढी रकमको मालसामान खरिद वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र लिएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । गाउपालिकाले देहाय अनुसारको खरिद कार्य मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र नलिएका फर्मवाट खरिद गरेको पाइयो । नियमको व्यवस्था अनुसार मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र नलिएका फर्मवाट गरेको खरिद कार्य नियमसंगत देखिएन ।

| गोभौनं.मिति | विवरण | मुअक दर्ता नभएका फर्मको नाम | भूक्तानी रकम |
|---|---|---|---|
| २८८-०७५/३/२२ | महिला लेखा समुह तालिम | कम्युनिटी को अपरेटिम नेपाल | ८३४२० |
| २८९-०७५/३/२२ | खानेपानी मुहान संरक्षण तालिम | कम्युनिटी को अपरेटिम नेपाल | ४८५०० |
| | | **जम्मा** | **१३१९२०** |

४८. **सिलाइ मेशीन फिर्ता नगरेको :** (गो.भौ नं.मिति ३७२।०७५।३।२४) लक्ष्यित समुह कार्यक्रम अन्तरगत वडा नं. २ मा मिति २०७४।१२।१९ देखि २०७५।३।२० सम्म संचालित महिला को लागि सिलाई कटाई तालिम प्रयोजनको लागि श्री राम ट्रेडर्स वीरगंजको विलवाट ९ सेट सिलाई मेशिन रु.१२७१२५।- मा खरिद गरेको वीलको भुक्तानी दिएको छ । उक्त मेशीन तालिम कार्यक्रम सम्पन्न गरेपछि कार्यालयले फिर्तागरी जिन्सी दाखिला गरेको छैन । कार्यालयवाट खरिद उक्त मेशीन तालिम संचालन गर्ने समुहवाट फिर्ता गरी कार्यालयको जिन्सीमा आम्दानी वाध्नुपर्ने अन्यथा तालिम संचालक समुहवाट मेशीनको मुल्य अशुल गर्ने रु. १२७१२५

४९. **आनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली , २०६४को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले देहाय अनुसारको काम उपभोक्ता समितिवाट सम्पन्न गरी भुक्तानी दिदा सम्झौतामा व्यवस्था गरिए वमोजिमको काम नभई घटी काम गरेकोमा वित्तीय स्रोतको अनुपातमा हिसाव नगरी भूक्तानी दिएको पाइयो । कामको अनुपातको आधारमा श्रमदान कट्टा नगरी उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रु.६६७१६१।- असुल गर्नुपर्ने रु. ६६७१६१/-

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| गो.भौ.नं. र मिति | कामको विवरण | लागत अनुमान | कामको मूल्याकन रकम | ल.इ तथा संम्झौतानुसार कार्य अनुपातले भुक्तानी हुनुपर्ने | भुक्तानी भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ४०-०७५/१०/२१ | धारापानमी ढुङ्गेपिपल सढक | ९१३४९४ | ७९२७७८ | ५८९२७२ | ६७९००० | ८९७२८ |
| ४१-०७४/१०/२१ | हनुमाने फेरीवासे सडक | १३४८२११ | ११२९२३२ | ८१२८१० | ९७०००० | १५७१९० |
| ४४-०७४/११/३ | वेथी खोरिया गैराटोल सडक | ५८४३१० | ५६३७४६ | ४६७९३१ | ४८५००० | १७०६९ |
| ४५-०७४/११/६ | खिम्ती शिवालय धोवी सडक | ३७७०५२३ | ३७७०५२३ | ३२०१००० | ३३००००० | ९९००० |
| ४६-०७४/११/६ | मझुवा सडक | ६८०६९१ | ६०२६९१ | ५१५३०९ | ५८२००० | ६६६९१ |
| ५०-०७४/११/१३ | वैस पधेरो कटुन्जे सडक | ६८२६५६ | ६६३१७६ | ५६५३९२ | ५८२००० | १६६०८ |
| ७८-०७४/१२/२ | गिद्धे गहते तिल्पुङ सडक | ११७९५९८ | ११२३९१८ | ९२४२१४ | ९७०००० | ४५७८६ |
| ९०-०७४/१२/१२ | दादुरास्वारा धोवी जरेगसेडा | ८९२२५९ | ८८०१४९ | ७६५४६८ | ७७६००० | १०५३२ |
| १००-०७४/१२/१४ | हिगाखोला जगमाने खापिङ सडक | २२६०३२८ | २१९६३३० | १८८५०७२ | १९४०००० | ५४९२८ |
| १६५-०७५/२/३ | साउनेपानीकेरावोटे मुलखर्क सडक | १६८४३३१ | १६६०१५० | १४३४१११ | १४५५००० | २०८८९ |
| २४५-०७५/२/३१ | निगाले घट्टेखोला वासे सडक | २१८०१३८ | २१४०८३६ | १९०५०२७ | १९४०००० | ३४९७३ |
| १६८-०७५/३/१० | भस्मेखोला विभिरे खानेपानी यो. | ५९०६५१ | ५४३२२८ | ५३६९७१ | ४८५००० | ३८९४० |
| २८४-०७/३/११ | दिलौरी सहिद सडक | ३३८४४९ | ३२७५८६ | २८१५६० | २९१००० | ९३४० |
| ३९४-०७५/३/२६ | सिन्दुरे मल्पाटार कार्कीटोल सडक | १४०३३८५ | १३९७७२६ | १२५५५१३ | १२६१००० | ५४८७ |
| | **जम्मा** | **१८५०९०२४** | **१७७९२०६९** | **१५१३९६५०** | **१५७१६०००** | **६६७१६१** |

५०. **विद्युतीकरणको कार्य :** गाउँपालिका वडा नं ५,४ वडामा विद्युतीकरण गर्न गाउँ सभाले रु.२ करोड ७२ लाख बजेट विनियोजन गरेको छ । उक्त विनियोजनको अलवा रु.५० लाख वजेट थप गरी कूल रु.३ करोड रकमबाट भए गरेको कार्य निम्नानुसार देखियो ।

५०.१. **लागत अनुमान :** गाउँ सभाले वडा नं. ४ र ५ साविक नागदहमा तथा वडा नं. ४ विजुलीकोटमा विद्युतीकरण गर्न गाउँ कार्यपालिकाको २०७४।१०।९ को निर्णयले १५ प्रतिशत उपभोक्ताले श्रमदान गर्ने र विद्युतीकरण कार्यको लागि नेपाल विद्युत प्राधिकरण मन्थलीमा समन्वय गर्ने उल्लेख छ । गाउँपालिकाले विद्युतीकरण कार्यको लागि साविक नागदह वडा नं.४-९ सम्मको लागि रु.९९९९९९९.९६ र वडा नं १-४ सम्मको लागि रु.९९४६४११ लागत अनुमान तयार गरी पठाएको छ । उक्त लागत अनुसारको कार्य गाउँपालिकाले उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरी कार्य गराएको छ ।

५०.२. **जटिल तथा प्राविधिक पक्ष :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) जटिल प्रकृतिको कार्य उपभोक्ता समिति मार्फत गर्न सकिने व्यवस्था छैन । यसै गरी उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने उल्लेख

<table>
<tr><th>वेरुजु दफा</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>छ । विद्युतीकरण कार्य गर्न उपभोक्ता समिति गठन गर्दा ति समितिबाट काम गराउने गाउँकार्यपालिकाले निर्णय गरे अनुसार सम्झौता भई कार्य गराएको छ । उल्लेखित कार्यमा उपभोक्ता समितिसँग दक्ष काम गर्ने प्राविधिक तथा विद्युत विषयको विशेषज्ञ प्राविधिक इन्जिनियर पनि नभएको गाउँपालिकामा पनि त्यस्ता इन्जिनीयर नभएको अवस्थामा उपभोक्ता समिति आफैंले उक्त कार्य सम्पन्न गर्न सक्ने अवस्था देखिएन । कार्य अनुभव तथा कार्यक्षमता नै नभएको कार्यमा उपभोक्ता समिति गठन गर्ने र सो समितिबाट निर्माण कार्य गराउन गरिएको निर्णय कानून अनुकुल देखिएन ।</td><td></td></tr>
<tr><td>५०.३.</td><td>विना प्रतिस्पर्धा खरिद तथा निर्माणः आर्थिक कार्यविधि ऐन २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गर्न नुहने उल्लेख छ । यस गाउँपालिकाको विद्युतीकरण कार्यमा उपभोक्ता समिति मार्फत काम गराई प्रतिस्पर्धा नै नगराउने गरी गाउँकार्यपालिका बैठकले निर्णय गरेको छ । मौजुदा कानूनको पालना नहुने गरी निर्णय गर्न र कार्य गराउने कार्यले पारदर्शी मितव्ययि तथा असल खरिद विधि अवलम्बन भएको छ  भन्न सकिएन । यस प्रकार वप्रतिस्पर्धा नै नगरी सिधै खरिद हुने गरी उपभोक्ता समिति मार्फत गरेको कार्य कानून  सम्मत नदेखिएको रु.
<table>
<tr><th>विद्युतीकरण भएको स्थल</th><th>उपभोक्ता मार्फत निर्माण तथा खरिद रकम</th></tr>
<tr><td>वडा नं. ५ साविक नागदह १-४</td><td>९९९९९६६</td></tr>
<tr><td>वडा नं. ५ साविकनागदह ५-९</td><td>९९९६४४१</td></tr>
<tr><td>वडा नं. ४ साविक विजुलीकोट</td><td>९९२७३८१</td></tr>
<tr><td>जम्मा</td><td>२९९२३७८८</td></tr>
</table></td><td>२९९२३७८०</td></tr>
<tr><td>५०.४.</td><td>प्राविधिक मुल्याङ्कन : सार्वजनिक निर्माणका सवै कार्यहरु विषयगत प्राविधिक ( इन्जिनियर) वाट नापजांच गरी सोको प्रतिवेदन तथा ठेक्का वीलअनुसार कामको मुल्याङ्कन वमोजिम कामको भुक्तानी गर्नाको साथै निर्माणकार्य पुरा भएपछि कार्य सम्वन्धित प्रविधिकवाट कार्यसम्पन्न प्रतिवेदन समेत तयार गर्ने र निर्माण भए वमोजिकको नक्सा समेत तयार गर्नुपर्ने व्यवस्था सम्वद्ध कानून तथा सार्वजनिक खरिद नियमावलीमा समेत व्यवस्था छ । उपरोक्तानुसार ३ वटा उपभोक्ता समितिले रु.२९९२३७८८।- भुक्तानीवाट सम्पन्न गरेको विद्यूतीकरणकार्यको प्राविधिक मुल्याङ्कन कार्यसम्पन्न प्रतिवेदन एजविल्ट नक्सा तयार भएको छैन । यस प्रकारको निर्माण कार्य नियमित देखिएन ।</td><td></td></tr>
<tr><td>५०.५.</td><td>उपभोक्ता आफैले कार्य नगरेको :सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । उपरोक्तानुसार उपभोक्ताले कुनै कारणवश सो समिति वा समुदाय आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भए पछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था छ । उपरोक्तानुसार कार्यमा उपभोक्ताले सामाग्री ढुवानी, विद्युतका पोल गाडने तार टाङ्ने जस्ता कार्य समेत लाभग्राही समुदायवाट नगरी निर्माण सेवा मार्फत गराएको पाइयो । यस प्रकार मौजुदा नियम कानून प्रतिकुल हुने गरी कार्य गर्नु निर्णय गर्नु र कार्यान्वयन गराउनु उपयुक्त देखिएन । यसरी विद्युत निमार्ण उपभोक्ता समितिले</td><td></td></tr>
</table>

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

निमांण व्यवसायीसंग संझौता गरी गराएका कार्यहरु निम्नानुसार छन् ।

| उपभोक्ता समिति | निर्माण व्यवसायी | संझौता मिति | रकम | कैफियत |
|---|---|---|---|---|
| विद्युतीकरण उपभोत्ता समिति साविक विजुलीकोट ५ दखि ९ वडा | पाइक कन्ष्ट्रक्सन प्रा.लि. | २०७४।१२।१५ | २२३८४६१.६४ | लेवरचार्ज मात्र |
| विद्युतीकरण उपभोत्ता समिति साविक विजुलीकोट १ देखि ४ वडा | पाइक कन्ष्ट्रक्सन प्रा.लि. | २०७४।१२।१५ | १८२०९३६.९० | लेवरचार्ज मात्र |
| विद्युतीकरण उपभोत्ता समिति साविक नागदह | पाइक कन्ष्ट्रक्सन प्रा.लि. | २०७४।१२।१५ | २४१२७४५.५१ | लेवरचार्ज मात्र |
| | | **जम्मा** | **६४७२१४४.०५** | |

५०.६. **मुल्य अभिवृद्धिकर :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । उपभोक्ता समितिले जिम्मा लिएको काममा समितिवाटै निर्माण व्यवसायीसंग खरिद सझौतासाथ संलग्न विओक्यूमा रहेको श्रमिक खर्चमा समावेश भएको मुल्य अभिवृद्धि कर समेत उपभोक्ता समितिले निर्माण व्यवसायीवाट गराएको काममा उपभोक्ता समितिलाई भुक्तानी भएको छ । नियमको व्यवस्था अनुसार उपभोक्ता समितिले भुक्तानी लिन नपाउने भुक्तानी भएको मुअकर सम्विन्धित उपभोक्ता समितिवाट अशुल गर्नुपर्ने रु. ७४४५४२.९५

| उपभोक्ता समिति | लेवर चार्ज | मुअकर | जम्मा |
|---|---|---|---|
| विद्युतीकरण उपभोत्ता समिति साविक विजुलीकोट ५ दखि ९ वडा | १९८०९३९.५० | २५७५२२.१४ | २२३८४६१.६४ |
| विद्युतीकरण उपभोत्ता समिति साविक विजुलीकोट १ देखि ४ वडा | १६११४४८.५८ | २०९४४८.३२ | १८२०९३६.९० |
| विद्युतीकरण उपभोत्ता समिति साविक नागदह | २१३५१७३.०३ | २७७५७२.४९ | २४१२७४५.५१ |
| **जम्मा** | **५७२७५६१.११** | **७४४५४२.९५** | **६४७२१४४.०५** |

५०.७. **निर्णय कार्यान्वयन नगरेको :** गाउँ कार्यपालिकाको २०७४।१०।९ को निर्णयमा विद्युतीकरण कार्यमा उपभोक्ता समितिले १५ प्रतिशत लागत सहभागिता व्यहोर्ने उल्लेख छ । विद्युतीकरणको निर्माण कार्य ३ वटै उपभोक्ता समितिवाट गराएकोमा १५ प्रतिशतश्रमदान व्यहोरेको पाइएन । निर्णय कार्यान्वयन नगराएबाट यस निर्माण कार्यमा गाउँपालिकाले व्यहोर्नु नपर्ने लागत रु.४४८८५६७ थप व्ययभार भएको छ । निर्णय गर्ने तर कार्यान्वयनमा कुनै पहल नगर्ने गर्नु उपयुक्त भएन ।

५१. भौ.नं. ४१५ मिति २०७५।३।२२ बाट महिला तथा बालबालिका विभागको २०७४।४।१५ को पत्रबाट जनसहयोगी सेवा समिति, खिम्तीद्धारा सञ्चालित हिंसा पीडित महिला तथा बालबालिकाको अल्पकालिन सेवा केन्द्र सञ्चालनमा आर्थिक

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

अभावले निरन्तरता नपाएकोले सो संस्थालाई आर्थिक सहयोग गरदिन अनुरोध गरेको छ । गा.वि.स. अध्यक्षबाट उक्त पत्रको आधारमा कन्टिन्जेन्सीबाट रु.१,५०,०००। सहयोग गर्ने २०७५।१।२६ मा निर्णय गरी भुक्तानी दिएको छ । सो संस्थाको उद्देश्य गाउंकार्यपालिका न्यायीक समितिले गर्ने कार्यमा पर्ने भएकोले सो संस्थालाई यसरी सहयोग गर्न मिल्ने देखिएन । साथै गाउंकार्यपालिकाले सो संस्थालाई कुनै कामको जिम्मेवारी नदिई सोभै सहयोग उपलव्ध गराएकोले यसप्रकार अनुदान सहयोग गर्ने कार्य नियम संगत नदेखिएको रु. १,५०,०००/-

५२. **लक्षित वर्ग कार्यक्रम** : कार्यालयद्धारा लक्षित वर्गका कार्यक्रम सञ्चालन गर्दा सशर्त अनुदानमा पर्ने शिक्षातर्फका दलित विद्यार्थी छात्रवृत्ति, शैक्षिक सामग्री वितरण पाठ्यपुस्तक आदि समेतमा खर्च गर्ने गरेको छ । सबैका लागि शिक्षा कार्यक्रममा पर्ने यस्ता क्रियाकलापमा पुनः गाउंपालिकाले कार्यक्रम राख्न उपयुक्त देखिएन । साथै विद्यार्थीलाई गुणस्तरीय शिक्षाका लागि भौतिक सहयोग गर्नुपर्नेमा वडा नं. ३ ले प्रति विद्यार्थी रु.२,३००।- का दरले ४३ जना विद्यार्थीलाई रु.९८,९००।- नगदै दिएको छ भने वडा नं ४ ले ८६ जना विद्यार्थीको लागि कापी, कलम, पुस्तक वापत बील राखी रु.६०,०००।- भुक्तानी दिएको छ । यसप्रकार कार्यक्रममा दोहोरोपन हुने गरी सञ्चालन गरिएका कार्यक्रमको खर्च नियमित नदेखिएको रु. १,५८,९००/-

| भौ.नं. र मिति | व्यहोरा | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| ३४८-२०७५/३/२१ | ४३ दलित विद्यार्थीलाई नगद छात्रवृत्ति | ३ | ९८,९००/- | |
| ४१६-२०७५/३/२२ | ८६ विद्यार्थीलाई पाठ्य सामग्री | ४ | ६०,०००/- | |
| ३७९-२०७५/३/२२ | ३० शैक्षिक सामग्री | ६ | १५०,०००/- | |
| २९३-२०७५/३/१३ | शैक्षिक सामग्री | २ | ९७,०००/- | भरपाई छैन |
| ३४२-०७५/३/२० | शैक्षिक सामग्री | ७ | ९७,०००/- | |
| | | **जम्मा:** | **५०२,९००/-** | |

५३. **नागरिक सम्मान** : लक्षित समूह कार्यक्रम अन्तर्गत सबै वडाले जेष्ठ नागरिक सम्मान फरक फरक तवरले सञ्चालन गरेको पाइयो । कुनै वडाले ब्लांकेट वितरण, कुनै वडाले खाना छाता लट्ठी र कुनैले ज्याकेट आदिमा खर्च गरी कार्यक्रम सञ्चालन गरेको देखिन्छ । लक्षित समूहका कार्यक्रम गर्दा समूहको क्षमता अभिवृद्धि हुने पूंजी निर्माण हुने कार्यमा मात्र खर्च गर्नुपर्नेमा त्यस्ता कार्यक्रमनै नगरी वितरणमुखी अनुत्पादक कार्यमा खर्च गरेको छ । यसप्रकार गरिएका कार्यक्रम नियमित देखिएन । उदाहरणको लागि यसप्रकार सञ्चालन गरेको कार्यक्रमका उदाहरणहरु देहाय अनुसार छन् :

| भौ.नं. र मिति | व्यहोरा | वडा नं. | रकम |
|---|---|---|---|
| ३६१-२०७५/३/२१ | छाता १६५ दोसल्ला प्रमाण पत्र | ७ | १,४५,५००/- |
| ३७१-२०७५/३/२४ | ब्लाङ्केट १५० थान खादा प्रमाणपत्र | ६ | ९७,०००/- |
| ४१२-२०७५/३/२९ | ब्लाङ्केट २०० थान खादा प्रमाणपत्र | १ | १,००,०००/- |
| ४२९-२०७५/३/३२ | ब्लाङ्केट १५० थान खादा प्रमाणपत्र | २ | १,०५,०००/- |
| | | **जम्मा:** | **४,४७,५००/-** |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ५४. | **स्वास्थ्य चौकी भवनको लागि जग्गा खरिद** : भौ.नं. १२४ मिति २०७४।१२।२८ स्वास्थ्य चौकी नागदहको लागि भवन निर्माण गर्ने कार्यमा कार्यालयले ३-५-२ जग्गा खरिदको लागि स्वास्थ्य चौकी नागदहको नाममा रु.८,५०,०००। पठाएको देखियो । जग्गा खरिद प्रक्रिया कुन विधिद्धारा गरिने हो उल्लेख छैन भने उक्त रकमबाट जग्गाको मूल्य पाउन ३ जनाले निवेदन दिएका छन् । स्वास्थ्य चौकीका नाममा जग्गाको धनीपूर्जा बनिसकेको देखिएको छ । संलग्न प्रमाण अनुसार ३ जना जग्गाधनीले रु.८,००,०००।- पाउनु पर्ने देखिएकोमा कार्यालयले रु.८,५०,०००।- समितिलाई रकम उपलव्ध गराएको छ । अतः स्वास्थ्य चौकीको लागि जग्गा खरिद प्रक्रिया पेश गरी जग्गाको स्वामित्व हस्तान्तरण गर्नेलाई रकम पुऱ्याएको भरपाई संलग्न गरी वडा समितिको नाममा पठाएको रकम कुन प्रयोजनको हो सो उल्लेख गरी खर्चको पुष्ट्याई पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ५०,०००/- |
| ५५. | **पुल हेरालुको पारिश्रमिक** : जिल्ला प्राविधिक कार्यालयबाट त्यस गाउंपालिका अन्तर्गत १० वटा झो.पु. हेरालुको लागि रु.६०,०००। पठाएको पाइयो ।उक्त रकममध्ये कार्यालयले ९ जनालाई रकम बुझाएको पाइएको छ । सोवांकीमा वडा सचिव लक्ष्मण तामाङले पेश्की लिई फछ्र्योट गरेको मध्ये १ जनाको भुक्तानी नभएकोले सो रकम संघीय सरकारको संचित कोष दाखिला गर्नुपर्ने रु. | ६,०००/- |
| ५६. | **विषयगत कार्यालयका कार्यक्रम**<br>(क) गाउंपालिकाले सम्बन्धित कार्यक्रमको नर्म्स् तथा निर्देशिका स्वीकृत गरी लागु नगरेकोमा सम्बन्धित विषयगत मन्त्रालयबाट स्वीकृत भएका नर्म्स् तथा निर्देशिकाको आधार लिई कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । भौ.नं. ३८३ मिति २०७५।३।२५ बाट काभ्रे भेटेनरीको बिल संलग्न गरी मिल्क क्यान रु.४५,०००। को भुक्तानी पशु विकास अधिकृत टेक बहादुर जिरेललाई भुक्तानी दिएकोमा निजले उक्त क्यान कृषकलाई वितरण गरेको भरपाई राखेको छैन भने कृषि मन्त्रालयको निर्देशिका अनुसार मिल्क क्यानमा ५० प्रतिशत मात्र अनुदान दिने व्यवस्था भएकोमा शतप्रतिशत नै खर्च लेखेको पाइएकोले क्यान बुझाएको भरपाई पेश गरी ५० प्रतिशत अनुदान वापतको रकम असुल गर्नुपर्ने रु. | २२,५००/- |
| | (ख) गांउपालिकाले कृषकहरुलाई उपलव्ध गराउने अनुदान परिचालनबाट गाउंस्तरमा रोजगारी सिर्जना, कृषि आत्मनिर्भरता, नगरपालिकाले पाउने आर्थिक लाभ समेतको आधार लिई अनुदान दिने निर्देशिका स्वीकृत गरी सोको आधारमा सरोकारवालालाई अनुदान रकम सम्झौता गरी उपलव्ध गराउनुपर्दछ । वडा नं. २ ले २०७५।१।२९ मा कृषि व्यवसाय फर्म सञ्चालन गर्न फर्म दर्ता गरी प्रक्रियागत दर्ता भएका वा काम शुरु गरेका व्यवसायीलाई अनुदान दिने निर्णय गरेको छ । उक्त निर्णय अनुसार देहाय अनुसार फर्मले नगदै रकम प्राप्त गरेकोमा अनुदानको उपयोग र सोबाट गाउंपालिकाले लिने लाभको बारेमा सम्झौतामा उल्लेख छैन भने यसरी अनुदान दिने निर्देशिका समेत स्वीकृत भएको छैन । अतः यसप्रकार प्रत्येक वडाले आआफ्नै तवरबाट अनुदान वितरण गर्ने कार्य नियमित नदेखिएको रु. | ३,८८,०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | तिलौरी कृषि फर्म रु. | ९७,०००/- | (ग) | पौडेल कृषि तथा पशु फर्म रु. | ९७,०००/- |
| (ख) | सविना कुखुरा फाराम रु. | ९७,०००/- | (घ) | घिसिङ्ग एकीकृत कृषि फर्म रु. | ९७,०००/- |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | (ग) भौ.नं. १४१ मिति २०७४।११।३ वाट च्याउ खेतीको लागि प्लष्टिक थैला ५० प्रतिशत अनुदानमा कृषकलाई वितरण गर्ने कार्यक्रम सञ्चालन गदारु.१८,०००। को मूल्य अनुदान रु.९०००।- मात्र भुक्तानी गर्नुपर्नेमा रु.१८,०००। नै खर्च सोधभर्ना भएको पाइयो ।अतः कृषि विकास कार्यक्रम सञ्चालन निर्देशिका अनुसार आवश्यक मूल्य अनुदान नलिई बढी भुक्तानी दिएको रु.९०००। असुल गर्नुपर्ने रु. | ९०००/- |
| ५७. | **बढी भुक्तानी** : गो.भौ.नं.५-२०७४।६।२६) गाउपालिकाले निर्माण कार्य उपभोक्ता समितिवाट गराउदा १० प्रतिशत जनश्रमदान लिने गरेको छ । हलेदे नागदह सडकमा सोलिङ गर्ने कार्यको ल.इ. रु.५,८९,१४३.०० रहेकोमा सोकाम उपभोक्ता समितिसंग मिति २०७४।५।२ मा संझौता गरि कार्य गर्न आदेश दिएको थियो । सो कार्यको ल.ई. रु.५,८९,१४३।- सम्झौता गर्दा श्रमदान लिने उल्लेख गरेको पाइएन । कामको मूल्याङ्कन रु.५,८९,१४३। भई भुक्तानीको लागि पेश भएकोमा कार्यालयले रु.६,००,०००। भुक्तानी दिएको छ । श्रमदान कट्टा नगरेको रु.५९८५९।- र मूल्याङ्कन भन्दा बढी भुक्तानी दिने आधार देखिएन । अतः गाउंपालिकाले मुल्याङ्कन भन्दा वढी भुक्तानी दिएको रु.१०८५७।- र अन्य सबै निर्माण कार्यमा लिने श्रमदान सरह १०% हुने रु.५८,९१४।- समेत रु.६९७७१।- उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | ६९७७१/- |
| ५८. | **वडा कार्यालयको बैंक खाता** : स्थानीय सरकार ऐन २०७४ अनुसार खर्च नभई बाकी रकम स्थानीय तह संचितकोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार गत वर्ष सबै साविक गाविस वडा मा रहेका बैंक खाताको गरी सम्बन्धीत संचितकोषमा मौज्दात सारिएको थियो । कार्यालयले यो वर्ष वडा नं. २ लाई विपद व्यवस्थापन कोष खडा गर्न भौ.नं.३५४ मिति २०७५।९।२१ मा रु. १००००० बैंक खातामा जम्मा गरिदिएको छ । स्थानीय सरकार ऐन अनुसार यसरी आ.व को अन्त्यमा वडाको बैंक खातामा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकोल यस्तो ट्रान्सफर नियमित नदेखिएको रु. | १००००० |
| ५९. | **नयाँ मोटरसाइकलहरुको मूल्य सरहको मर्मत :** गाउँपालिकाका वडा नं. २ का अध्यक्ष २०७५ बैशाखमा मोटर साइकलमा दुर्घटनामा परी क्षति भएको बा २ ब ६६०९ नं. को मोटरसाइकलको माइन ट्रेनिङ कन्सर्नवाट रु.१५५३५९ मा मर्मत गराएको पाइयो । सो मोटरसाइकलको झण्डै नयाँ सरहको मूल्यमा मर्मत गराउन सट्टा झण्डै नया मुल्यकै हाराहारीमा मर्मत गराउन उपयुक्त देखिएन । यसरी मर्मत गराउन निर्णय गर्ने कार्य उपयुक्त नदेखिएको रु. | १५५३५९ |
| ६०. | गो.भौ.नं. ३०६। २०७५।३।१४ बाट खर्चमा मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सार्वजनिक निकायले क्यालेन्डर आदि छपाउन नपाइने व्यवस्था गरेको छ । गाउँपालिकाले सोसाइटी प्रिन्टिङ प्रेशबाट ४००० थान क्यालेण्डर रु.१६१५९० मा छपाई गरी खर्च भुक्तानी गरेको छ । खर्च नियमितता सम्बन्धी निर्देशिका को पालना नगरी लेखेको खर्च नियमित नदेखिएको रु. | १६१५९० |
| ६१. | **आ.ले.प वेरुजु :** आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ९७ मा आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुको प्रमाण जुटाई अन्तिम लेखापरीक्षण हुनु अघि विशेष कारण परी फछ्र्यौट हुन नसकेमा सो कुरा समेत उल्लेख गरी अन्तिम लेखापरीक्षक समक्ष लिखित स्पष्टीकरण दिनु पर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणवाट औल्याएका देहाय अनुसारका वेरुजुहरु अन्तिम लेखापरीक्षण पूर्व नियमानुसार फछ्र्योट नगरी वांकी रहेको हुदा कानून वमोजिम नियमित तथा अशुल फछ्र्योट गर्नुपर्दछ । | |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६१.१. | **व.उ.शी.नं. ८०१५४६३**<br>**बेरुजु/फ्रिज दाखिला सम्बन्धमा**<br>चालु आ.व.मा सशर्त अनुदान पशु विकास तर्फ निकासा रु.४९१०००।०० मध्ये सवै खर्च भएकोमा भुलवस सो कार्यक्रमवाट आयको अन्तमा रु.१४,५८०।- को.ले.नि.का.मा रकम फिर्ता पठाएको र स्वास्थ्य तर्फ सशर्त अनुदान रु.१८६४३०००।- निकासा मध्ये आवको अन्तसम्म रु.१७७६३२५०।- खर्च भई वांकी रकम रु.८,७९,७५०।- कोष तथा लेखानियन्त्रक कार्यालयमा फिर्त गर्नु पर्नेमा रु.८,५७,१५०।- मात्र फिर्ता पठाएको छ । यस कार्यक्रममा घटी फिर्ता पठाएको रु.२२,६००।- मा फिर्ता गर्नुनपर्ने पशुविकास तर्फको फिर्ता भएको रु.१४५८०।- घटाई वाकी हुन आउने रु.८०२०।- संघीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको छ । अत उक्त वचत रकम सम्बन्धित फ्रिज खाता/राजश्व खातामा दाखिला गरि सोको प्रमाण पेश गर्नु पर्ने रकम रु................ | ८०२०/- |
| ६१.२. | **साविकका गाविसहरुको वेरुजु रकम न.पा.को लगतमा सार्नु पर्ने सम्बन्धमा**<br>गत आव०७३।७४ को दोश्रो चौमासिक सम्म अस्तित्वमा रहेका गाविसहरुको पुनरसंरचना भई लिखुतामाकोशी गाउँपालिकामा समाविष्ट भइसकेकोले त्यो अवधिसम्म ती गाविसहरुमा फछ्र्यौट हुन बाँकी पेश्की वेरुजु लगायत अन्य सवै प्रकारका वेरुजु हिसावको एकिकृत विवरण तयार गरि गाउँपाालिकाको लगतमा सार्नु पर्नेमा सो नगरेको पाइएकोले शीघ्र वेरुजु लगत तयार गरि प्रचलित नियमानुसारको वेरुजु अभिलेख खातामा अभिलेख राख्न र उक्त वेरुजु फछ्र्यौटको प्रकृया अघि बढाउन व्यवस्थापनलाई सुझाव गरिन्छ । | |
| ६१.३. | **लिलाम विक्री गर्नु पर्ने मालसमान सम्बन्धमा** हाल प्रचलनमा रहेको आर्थिक प्रशासन नियमावली बमोजीम जिन्सी निरीक्षण प्रदिवेदनमा उल्लेखीत बेकम्पा भई काम नलाग्ने देखिएका मालसामानहरु लिलाम बिक्री गर्ने, मर्मत गर्नु पर्ने मालसामान मर्मत गर्ने, आम्दानी नबाँधिएका जति तुरुन्त आम्दानी बाध्ने कर्तव्य अधिकार प्राप्त अधिकारीको हुनेछ भन्ने उल्लेख भएकोमा चालु आ.व.को अवधिभर यस कार्यालयले लिलामको लागि कुनै पनि प्रकृया अगाडी बढाएको पाईएन । | |
| ६१.४. | **भौतिक परीक्षण सम्बन्धमा :** प्रचलित आर्थिक प्रशासन नियमावलीमा व्यवस्था भएको जिन्सी निरीक्षण गर्ने सन्दर्भमा स्थानीय निकायले प्रचलित व्यवस्था बमोजीम लगत खडा गरी राखेको जिन्सी मालसामान के कस्तो अवस्थामा छ, अधिकार प्राप्त अधिकारीले १ वर्षमा कम्तीमा १ पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्रतिनिधीद्वारा निरीक्षण गरि वा गर्न लगाई त्यसको प्रतिवेदन लिखितरुपमा लिने व्यवस्था गर्नु पर्दछ । यसरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि आँम्दानी बाँध्न छुट भएको मालसामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्दछ भन्ने उल्लेख छ । यस सन्दर्भमा देहाय अनुसार भएको पाईयो<br>● चालु आ.व.मा कार्यालयका प्र.प.अ. श्री राजुप्रसाद न्यौपानेवाट १ पटक जिन्सी निरीक्षण भई सो को लिखित जिन्सी निरीक्षण प्रतिवेदन कार्यालयमा मिति २०७५/०४/५ गते कार्यालयमा पेश भएको,<br>● उक्त प्रतिवेदनले उल्लेख गरेको मर्मत गर्दा पनि प्रयोगमा आउन नसक्ने भनि औल्याएका कार्यालय सामानहरु प्रचलित नियमानुसार लिलाम तथा मिनाहाका लागि आवश्यक प्रकृया अघि बढाइनु पर्ने, | |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ● कार्यालयको स्टोरमा रहेका थोरै खर्चमा मर्मत गरेर संचालनमाा ल्याउन सकिने जिन्सी वस्तुको मर्मत कार्य गरी प्रयोगमा ल्याउनु पर्ने,<br>● लामो समयदेखि पुर्व कर्मचारीहरुले बुझि लगेका विभिन्न सामानहरु अविलम्ब कार्यालयमा फिर्ता गराउनका लागि कारवाहीको प्रकृया अघि बढाउनु पर्ने, | |
| ६१.५. | **आन्तरिक लेखापरीक्षकवाट दिएका निम्नानुसार सुझाउहरु**<br>आर्थिक व्यस्थापनलाई बढीभन्दा बढी नियमसंगत,चुस्त, दुरुस्त , पारदर्शी र मितव्ययी तुल्याउन देहाय अनुसारको सुझाव गरिन्छ-<br>● गाउँपाालिकाले पूँजीगत अनुदान रकम विनियोजन गर्दा साविकको स्थानीय निकाय श्रोत परिचालन तथा व्वस्थापन कार्यविधी, २०६९ को नियम ८,९,१०,११,१२, र १४ मा क्रमशः उल्लेख भएको पूँजीगत खर्च, सम्पुरक कोष सम्बन्धि व्यवस्था, लक्षित समूह विकास कार्यक्रम, आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास, प्रवर्द्धनात्मक क्षेत्र र आयोजना व्यवस्थापन सेवा( कन्टेन्जेन्सी) खर्च सम्बन्धि व्यवस्था भनी प्रष्टसँग उल्लेखित प्रावधान अनुरुप हुने गरि नगर परिषद्मा वजेट विनियोजन गरि सोको कार्यान्वयन गर्न व्यवस्थापनलाई विशेष सुझाव गरिन्छ ।<br>● कार्यालयले गर्ने आर्थिक कारोबारको श्रेस्ता व.उ.शी. ⁄ कार्यक्रमगत तयार गरि सोही अनुरुपको छुट्टाछुट्टै बैक नगदी किताव, खर्चको फाँटवारी, बार्षिक आर्थिक विवरण आदि तयार गरि श्रेस्ता चुस्त दुरुस्त र सुस्पष्ट हालतमा राख्न सुझाव गरिन्छ ।<br>● सवारी साधनमा प्रयोग भएको इन्धन, फेरिएको पाटपुर्जा, मर्मतको अवस्था, गाडी गुडेको दुरी आदि विवरण समेटिने गरि सवारी साधननै पिच्छे मासिक रेकर्ड राखिनु पर्ने र रकम खर्च लेख्दा पनि यसरी महिनैपिच्छे अद्यावधिक गरि राखिएको विवरणको विश्लेषण गरि औचित्यताको आधारमा खर्च लेख्नु पर्ने । साथै काम नलाग्ने भई प्रयोग विहिनको अवस्थामा रहेका सवारी साधनहरु तत्काल लिलामको प्रकृयामा लैजानु पर्ने ।<br>● सुरक्षण बापत कार्यालयले विभिन्न व्यक्ति तथा फर्महरुबाट धरौटी लिई सोको श्रेस्ता राख्दा व्यक्तिगत धरौटी खातामा धरौटी लिनेको पुरा नाम,ठेगाना, प्यान नं., धरौटीको उद्देश्य ⁄ प्रयोजन आदि स्पष्ट खुलाई विवरण राख्नु पर्ने । साथै निश्चित अवधि पश्चात धरौटी फिर्ता गर्दा विशेष गरि निर्माण कार्यको धरौटी सम्बन्धित प्राविधिकको सिफारिसमा मात्र फिर्ता गरिनु पर्ने ।<br>● विभिन्न होटल लगायतको अन्य विविध खर्चहरु भुक्तानी गर्दा उक्त खर्चलाई पुष्ट्याई गर्ने कागजात सहित खर्च लेख्नु पर्ने ।<br>● गाउँस्तरीय राजश्व परामर्श समितिको राय लिई स्थानीय सरकार संचालन ऐन,२०७४ र प्रदेश नं. ३ को आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको दररेट भित्र रहने गरि नगर परिषद्बाट आन्तरीक आय ⁄ राजश्व असुल गर्ने क्षेत्र पहिचान गरि उचित दररेट निर्धारण गरि गाउँपालिकाको राजश्व अभिबृद्धि गर्ने तर्फ ठोस पहल गर्नु पर्ने ।<br>● गाउँपालिकाको आन्तरीक राजश्व असुली गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याउन विशेष सुझाव गरिन्छ । साथै यसको लागि राजश्व संकलनमा रसीद नियन्त्रण खाताको प्रभावकारी व्यवस्थापन गरि पालिकाको आन्तरीक राजश्व संकलनको कार्य गर्न सुझाव गन्छि । | |

| वेरुजु दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

- कार्यालयमा कार्यरत कर्मचारीहरुको वार्षिक आय हिसाव गरि आय कर ऐन, २०५८ अनुसार आयकरको दायराभित्र पर्न योग्य कर्मचारीहरुको एकिन गरि नियमानुसारको आय कर कट्टी गरि सम्बन्धित राजश्व खातामा दाखिला गर्ने व्यवस्था मिलाईनु पर्ने ।

कुनै पनि योजना/कार्यक्रमको अन्तिम भुक्तानी दिनु भन्दा अघि सो सम्बन्धमा सार्वजनकि लेखापरीक्षण अनिवार्यरुपमा गर्ने व्यवस्था मिलाउनु पर्ने ।

६२. **वित्तीय जवाफदेहिता मूल्यांकन** : सुशासनको अभिवृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व सम्बन्धी स्थितिको मूल्यांकन गर्न तोकिएका सूचकको आधारमा मूल्यांकन गरी सो को आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा यस कार्यालयको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन, विकास निर्माण सम्बन्धमा मूल्यांकन गर्दा कूल १०० अंक मध्ये ६० अंक प्राप्त गरी ग्रेड अनुसार वि तह प्राप्त गरेको छ ।

६३. **बेरुजू :** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.२२ लाख ८१ हजार, अनियमित बेरुजू रु. ५ करोड २ लाख २ हजार, प्रमाण कागजात पेश नभएको रु.२ लाख ३९ हजार बेरुजू कायम भएकोमा समायोजन भई रु.६४ लाख ७२ हजार फछ्र्यौट भई रु.४ करोड ६२ लाख ५० हजार बेरुजू कायम भएको छ ।

६४. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२) घ मा ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । गाउपालिकाले यो वर्ष वेरुजु फछ्र्यौट गरेको पाईन । नियमको व्यवस्था अनुसार नियम.मित वेरुजु फछ्र्योट नगर्नाले वेरुजुको मात्रा वढ्दै जाने र आर्थिक अनुशासन कायम नरहेन हुदा कानूनको व्यवस्था अनुसरा गर्नु गराउनु पर्दछ । गत वर्ष सम्मको कार्यालयले देखाएको वेरुजुको स्थीती निम्नानुसार देखिएको छ :

(रु.हजारमा)

| गत वर्षको बेरुजु रकम | यो वर्ष फछ्र्यौट | बाँकी |
|---|---|---|
| ७,९१ | १,५७ | ६,३४ |

६४.१. **अद्यावधिक बेरुजु स्थिति :** लिखु तामाकोशी गाउपालिकको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

(रु.हजारमा)

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. | यो वर्षको कायम बेरुजु रु. | बाँकी |
|---|---|---|---|
| ६,३४ | - | ४६२५० | ४६८८४ |

उल्लेखित वेरुजुहरु गाउपालिकाले कानून वमोजिम कारवाही गरी असुल फछ्र्यौट गरिनुपर्दछ ।

*अनुसूची १*

# लिखु तामाकोशी गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गनुंपर्ने | नियमित गनुंपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | रामेछाप | लिखु तामाकोशी गाउंकार्यकालिका | ३८ | ३५ | ४६२५० | ० | ० | ० | ० | ० | ४६२५० | २,२८१ | ४३७३० | २३९ | - | | ४३९६९ | | | - |
| २. | | | | | | | | | | | | | | | | | | | | |

**अनुसूची - २**

# सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | लिखु तामाकोशी गाउंकार्यकालिका | रामेछाप | ६,७९२ | १७४,९१० | ११०,२२९ | ५१,०९६ | ३४३,०२७ | १७८,८४१ | - | १५९,१५४ | ३३७,९९५ | ५,०३२ |
| २. | | | | | | | | | | | | |